वर्ष २९ अङ्क १ जुलाई, २०२१ JULY, 2021

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट-को मुखपत्र

# सिक्किम परिवर्तन

## कोरोना महामारीलाई लिएर केवल एसकेएम पार्टी र सरकारले मात्र राजनीति गरिरहेको छ : चामलिङ

***प्रश्न : देशका अन्य राज्यहरूतिर कोविड-१९ -को स्थितिमा सुधार आइरहेको भए पनि सिक्किमको अवस्था झनै भयावह बन्दो छ। यो अवस्थालाई साम्य पार्ने भनेर राज्य सरकारले भर्खरै जारी गरेको निर्देशिका अथवा अधिसूचनामाथि आम सिक्किमेली जनताले कत्तिको भरोशा गर्नसकिएला?***

**जनताको सवाल ?**

**उत्तर** : सबै जान्दछन् सिक्किममा कोविड-१९ -को भयावह अवस्थाको कारण अरू केही होइन, तर राज्यको प्रशासनिक अप-व्यवस्थापन हो। यसको जडमा सरकारको असफलता र अक्षमता छ। तर आम जनता आज कालोलाई कालो भन्न डराइरहेका छन्। बोल्ने र विरोध गर्नेहरूसँग यो सरकारले कस्तो व्यवहार गर्छ, त्यो हामी सबैलाई थाहा भइसकेको छ। लकडाउनको नाममा प्रहसन गरिँदैछ। अहिले जारी गरिएको नयाँ निर्देशिकाबाट यही कुराको सरकारी स्वीकारोक्ति मिलेको छ। लकडाउनको नाममा सरकार अझै मजाक गरिरहेको छ। म छक्क पर्छु, यो सरकारलाई कोविड संक्रमणको भयावहता बुझ्न किन यति धेरै लामो समय लागिरहेको छ! संक्रमणको खतरालाई सरकारले अझै किन बुझिरहेको छैन? 'मरेपछि डक्टर' भन्ने आहानको चालमा सरकार हिँडिरहेको छ। सरकारले यतिखेर भन्दैछ कि कोविड-१९ -को मार्ग निर्देशिकालाई अब सख्त ढङ्गले लागू गरिनेछ। यो कस्तो निर्बुद्धिपन र बेवकुफी हो? कोविड १९ -को संक्रमण दुई वर्षदेखि फैलिरहेको छ, तर यता सिक्किम सरकार भर्खर जाग्दैछ।

यसले निम्न कुराहरूलाई दर्शाएको छ -

१. सिक्किम सरकार कोविड १९ विरुद्ध केवल कागजमा मात्रै लडिरहेको थियो। सरकारका निर्देशिकाहरू कार्यान्वयनका निम्ति नभई गफ हाँक्नुका लागि थिए।

२. यो निर्दयी सरकारको अनुचित फाइदा उठाएर एसकेएम पार्टीले जथाभावी पर्मिट लिँदै आफूहरू डुली-घुमी हिँड्ने काम गऱ्यो।

३. एसकेएम पार्टी र यसको ठूलाबडा नेताहरू लकडाउनभरि जनसभा वा मिटिङहरू गर्दै हिँडिरहे।

४. मुख्यमन्त्री पी.एस. तामाङले शुरूदेखि नै यस महामारीलाई गम्भीर ढङ्गले लिनसकेनन्। मलाई लाग्छ उनले अझै पनि यस संक्रमणको गम्भीरतालाई पूर्णरूपले बुझ्न सकिरहेका छैनन्। उनका काम-क्रियाहरू (डाण्डी मार्चदेखि लिएर माछा मेलासम्म, होली उत्सवदेखि लिएर साइकल ऱ्यालीसम्म, मनपरी जनसभाहरूको आयोजना र भीड जमावडाहरू) -ले उनको यही समझ र ज्ञानलाई दर्शाएको छ।

आजसम्म पनि सिक्किम सरकार पूर्णरूपले निद्राबाट जागिसकेको छैन। केन्द्रीय स्वास्थ्य सचिवले राज्य सरकारलाई चिट्ठी पठाएपछि मात्र सरकार तरङमरङ गर्न थालेको देखिँदैछ।

यतिखेर एसकेएम पार्टी र सरकार जनताप्रति विनयशील बन्नु जरूरी छ, र यो कुरो पनि उनीहरूले बुझ्नु जरूरी छ कि महामारीलाई लिएर कसैले पनि सिक्किममा राजनीति गरिरहेको छैन। यसलाई लिएर केवल र केवल मात्र एसकेएम पार्टी र सरकारले राजनीति गरिरहेको छ। केन्द्रीय स्वास्थ्य सचिवलगायत अन्य सबैले आफ्ना सुझावहरूद्वारा केवल सरकारलाई जाग्रत बन्ने र स्थितिको भयावहतालाई बुझ्ने अपील गरेका थिए, गरेका हुन्।

रहल पृष्ठ २-मा



**१७ जुलाई, २०२१ -का दिन पार्टी अध्यक्ष श्री पवन चामलिङले पूर्व सिक्किमको रम्फूको भ्रमण गर्नुभयो। आफ्नो सामाजिक भ्रमणका क्रममा उहाँले स्व. सन्तोष गुरुङ र श्री गोपाल बराईलीको घरमा गएर शोक समवेदना प्रकट गर्नुभयो।**

# रोकेर रोकिँदैन डा. मिचुङ भोटियाकाकदम

**गान्तोक।** हाम्रो मीत मानवताको जीत नारासहित एसडीएफ पार्टीका वरिष्ठ युवा नेता डा. मिचुङ भोटिया र हाम्रो सिक्किम पार्टीकी अध्यक्ष डा. वीणा बस्नेतले कोरोना महामारीका समय सिक्किमे जनतालाई निस्वार्थ स्वास्थ्य सेवा उपलब्ध गराउन राज्यका विभिन्न स्थानमा कोरोना रोगीको उपचारका लागि जाँदा राज्य प्रशासन र सत्तारूढ दल एसकेएमले बाधा सिर्जना गरिरहेको छ। राजनीतिदेखि माथि उठेर यस सङ्कटको समयमा राज्यवासीको सेवा गर्न निस्किएका दुवै चिकित्सकलाई 'चोखो डाक्टर होइन' भनेर स्वास्थ्य सेवा गर्न बञ्चित गराइँदैछ।

यस सम्बन्धमा दुवैले राज्यका मुख्य सचिव अनि स्वास्थ्य सचिवलाई अनुमतिका लागि निवेदन गर्दा दुवै अधिकारीहरूले एसकेएम सरकारको सोझो हुन् अनुमति दिएनन्। तर जनसेवालाई आफ्नो धर्म ठान्ने डा. मिचुङले मई महिनादेखि नै राज्यका विभिन्न स्थानको भ्रमण गरी स्वास्थ्य सेवा दिँदै आएका छन्।




कहिले पुलिस लगाएर त कहिले पार्टीका कार्यकर्ताहरूको प्रयोग गरेर डा. मिचुङ भोटियालाई रोक्न एसकेएम सरकार व्यस्त रहेको छ।

यसै सन्दर्भमा गत १४ जूलाईको दिन पश्चिम सिक्किमको टाशीडिङका गाउँलेहरूलाई स्वास्थ्य सेवा दिन पुगेका डा. मिचुङ भोटियाको टोलीलाई एसकेएम पार्टीका नारीशक्ति तथा युवा कार्यकर्ताहरूले बाधा पुऱ्याए। यसरी नै १५ जूलाईको दिन धुब्दी योकसोम गाउँमा पनि डाक्टर भोटियाको टोलीलाई एसकेम पार्टीका युवा कार्यकर्ताहरूले धम्काउँदै स्वास्थ्य सेवा दिन अवरोध गरे।

हाम्रो मित मानवताको जीत -को नारासहित राज्यको विशेष ग्रामीण भेगका साधारण मानिसलाई स्वास्थ्य सेवा दिने ठूलो अभियानमा पुगेका डा. मिचुङ भोटियाको सामाजिक कार्यलाई बाधा दिएर एसकेम पार्टीले राज्यमा एकतन्त्री शासन कायम गर्न खोजीरहेको ज्वालन्त उदाहरण पेश गरेको छ।

एसकेएम कार्यकर्ताहरूले स्वास्थ्य सेवा गर्न बाधा पुऱ्याउनका कारण स्थानीय धेरै मानिसहरू आफूले गाउँमै जचाँउन नपाएकोमा असन्तुष्टि व्यक्त गरेका छन्।

सत्तारूढ एसकेएम पार्टीका कार्यकर्ताहरूले जतिनै बाधा दिए पनि आफूले हासिल गरेको ज्ञानलाई जनताको सेवामा समर्पित गर्न आफू सधै तत्पर बनिरहे विचार डा. मिचुङ भोटिया अभिव्यक्त गरेका छन्। अर्कोतिर, डा. मिचुङ भोटियाको टोलीलाई स्वास्थ्य सेवा दिन सत्तारूढ एसकेम पार्टीका कार्यकर्ताहरूले बाधा पुऱ्याएकोमा एसडीएफ पार्टीले कडा शब्दमा भर्त्सना जनाएको छ। एसडीएफका प्रचार-प्रसार मामिला महासचिव श्री कृष्ण खरेलले एक प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, डा. मिचुङ भोटिया महामारीको यस समयमा एसडीएफ पार्टीको झण्डा र घोषणा पत्र लिएर होइन आफ्नो लगनशीलताले कमाएको डाक्टरी ज्ञान, औषध-उपचार अनि स्वास्थ्य औजारहरूको अमूल्य उपहार लिएर पश्चिम सिक्किमको अभेग गाउँहरूमा गएका हुन्।

आम मानिसहरूलाई स्वास्थ्य सेवा पुऱ्याउने ठूलो अभियानमा जुटेका डाक्टर भोटियालाई अवरोध र बाधा पुऱ्याएर एसकेएम पार्टीका नेता अनि कार्यकर्ताहरू बुद्धि र विवेकशून्य रहेको स्पष्ट भएको र उनीहरूको यस प्रकारको कुकृत्यले एसकेएम पार्टी नीति र सिद्धान्तहिन पार्टी रहेको छर्लङ्ग भएको विज्ञप्तिमा उल्लेखित छ।

# एसडीएफले कोरोना फैलाएको हो भन्ने एसकेएमको आरोपको खण्डन

# ‘डीएम एक्टअनुसार कानुनी कार्वाही गरेर देखाऊ’

**गान्तोक।** सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीले राज्यमा कोरना प्रमुख विपक्षी दल सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) पार्टीले फैलाइरहेछ भनी लगाएको आरोपको खण्डन गर्दै एसडीएफले भनेको छ, एसकेएम पार्टीले कोरोना सङ्क्रमण फैलाउने एसडीएफ हो भन्छ भने हामीलाई डीएम एक्टअनुसार कानुनी कार्वाही गरेर आफ्नो फत्तुर आरोपलाई सत्य साबित गर्ने चुनौती हामी दिदँछौं।

एसडीएफका प्रचार-प्रसार मामिला, महासचिव कृष्ण खरेलले १९ जुलाईको दिन एक प्रेस विज्ञप्ति जारी गर्दै एसकेएमका आरोपहरूको खण्डन गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, ढाँट्न, छल्न र कुरालाई बङ्ग्याउनमा माहिर एसकेएम पार्टीले चुनावी घोषणा-पत्रमा लेखेका वचनहरू पूरा गर्न अनि कोरोना रोकथाम गर्न पुरै विफल बनेपछि विपक्षी पार्टीलाई दोष्याउन शुरू गरेको छ। आफ्ना विफलताहरूलाई ढाकछोप गर्नको निम्ति एसडीएफ पार्टीलाई दोषारोपण गरेर जनतालाई छल गर्न एसकेएम पार्टी आतुर छ अहिलेघरी। कोरोना सङ्क्रमण एसडीएफले नै फैलाएको हो भन्ने एसकेएम पार्टीको गैरजिम्मेवार र फत्तुर आरोपलाई हामी जोडदार खण्डन गर्दछ।

यसका साथै हामी के भन्न चाहन्छौं भने, यस फत्तुर आरोपले एसकेएम पार्टी ढाँट र छलको राजनीति गरी जनतालाई अल्मलाउने ढाँट पार्टी रहेको प्रमाणित भएको छ। यदि यस ढाँट पार्टीले कोरोना सङ्क्रमण फैलाउने एसडीएफ हो भन्छ भने हामीलाई डीएम एक्टअनुसार कानुनी कार्वाही गरेर आफ्नो फत्तुर आरोपलाई सत्य साबित गर्ने चुनौती हामी दिदँछौं। यदि एसकेएम पार्टीले आफ्नो फत्तुर आरोपलाई सत्य साबित गर्नसक्दैन भने दोषारोप गर्दै जनतालाई ढाँटेको कुरामा माफी मागोस्।

कोरोनाकालमा गुजरातको डाण्डी मार्चमा सामेल, होली पर्व, बैशाखी समारोह, माछा मेला, साइकल र्‍याली, पार्टीमा जोइनिङ कार्यक्रमहरूको आयोजना गरी सत्ताको आडमा राजनैतिक तमाशा देखाउने एसकेएम सरकारको कर्तुत हो। एसकेएम सरकार तथा पार्टीको यस्ता गैर जिम्मेवारी हर्कत र कर्तुतहरूले राज्यमा कोरोना सङ्क्रमण हुनुमा ठूलो भूमिका खेलेको सत्यता कोहीबाट लुकेको छैन। आफ्नो गल्ती र विफलतालाई ढाक-छोप नगर्न, ढाँटलाई औजार नबनाउन एसकेएम पार्टीलाई हामी सुझाउ दिदँछौं।

इन्-इन् र आउट-आउट जस्ता गैर जिम्मेवार सरकारी कार्वाहीले ल्याएको कोभिड सङ्क्रमण सम्बन्धमा यो पार्टी चुइँक्क बोलेन, किनभने यस पार्टीमा जनताको न्यायको पक्षमा कुनै पनि पहल गर्ने दम छैन। तर गरीब जनताको स्वास्थ्य सुरक्षाको पहलमा गरिएको मानवतावादी कामलाई राजनैतिक देख्ने सङ्कीर्ण मानसिकताले एसकेएम पार्टी डराएको र धताएको हामीले पाएका छौं। एसडीफ पार्टीले आफ्ना प्रवक्ताहरूको माध्यमद्वारा सरकारलाई कोभिड प्रोटोकल, दिशा-निर्देश र अनुपालना कसरी गर्ने र यस महामारीमा जनताले पाएका कष्ट कसरी निवारण गर्ने भन्ने सम्बन्धमा अनेकौं सुझाउ र परामर्श दिँदै आएका छौं। एसडीएफ पार्टी अध्यक्ष स्वयंले अघि सरेर आफ्ना बहुमूल्य सुझाउ र परामर्श प्रदान गरिसक्नु भएको छ। सत्ताको राप र घमण्डको तापले मातिएका सरकार सञ्चालनका नेतृत्वहरुको कान बहिरो भएर आज सिक्किम कोरोना व्यवस्थापन र रोकथाम गर्ने कुरामा देशमै सबैभन्दा विफल बन्ने राज्यको नाममा चिन्हित भएको छ।

कोरोना महामारीमा जनताका रोजी-रोटी खोसिएको छ। व्यापार-व्यवसाय चौपट भएको छ। चालक, मजदुर, किसानहरुको जीवन बेहाल भएको छ। विद्यार्थीहरूको भविष्य अन्धकार भएको छ। आम जनगणको क्रयशक्ति घटेर कुपोषणको शिकार हुने अवस्थामा पुगेका छन्। राज्यको प्रशासनिक व्यवस्था, कानुनी व्यवस्था र आर्थिक व्यवस्था दयनीय भएको छ। चारैतिर अराजकता छाएको छ। मसल पावर र दादागिरी चरम उत्कर्षमा पुगेको छ। घुसखोरी र अवैध धन्दा बढेको छ। अप्राकृहरूतिक मृत्युको घटनामा सिक्किम अहिले देशमै पहिलो बन्नपुगेको छ। चुनाउअघि जनतासँग गरिएका वाचा, कसम र घोषणा अलपत्र छन्। यसैले एसकेम पार्टीले एसडीएफ पार्टीलाई दोषारोण गर्दै समय खेर फाल्नुभन्दा सिक्किमेले सङ्कट अवस्थालाई झेलिरहेका ती समयस्याहरू समाधानतिर ध्यान पुर्‍याएको राम्रो हो भनी हामी भन्नचाहन्छौं। यसका साथै एसकेएमका नेता, कार्यकर्ता, धुपौरे समर्थकहरू सबैलाई एसडीएफ पार्टी यो पनि भन्नचान्छ कि, सत्तारूढ पार्टीको भूमिका जनाधारलाई शिरोपर गरेर जनताको कल्याण, हित र हकको पक्षमा काम गर्नु हो न कि विपक्षीलाई गाली-गलौज गर्दै दोषारोपण गर्नु हो। सिक्किमे जनताले एसकेएम पार्टीलाई एसडीएफ पार्टीको आलोचना गर्नु भनेर सत्तामा आसिन गराएका होइनन्, यो पनि बुद्धि-विवेकशून्य एसकेएम पार्टीलाई हामी भन्नचाहन्छौं।

केवल २ वर्षको कार्य अवधिमा सम्पूर्ण रूपले असफल भएको सरकारले २५ वर्षको तुलना गर्ने कुरा अत्यन्त हास्यस्पद मात्र होइन लज्जास्पद कुरा पनि हो। जताततै कमीशनखोरी, गिटी बालुवा माफिया, नाफाखोरी र सत्ताको दुरुपयोगले सिक्किमको शान, मान र सम्मान घटिरहेको बेला प्रतिपक्षसँग तुलना गर्ने सरकार चलाउने पार्टीको दम्भ देख्दा हामी २१औं सदीमा बाँचिरहेका छौं के भन्ने शङ्का उब्जिएको छ। आफ्ना कमजोरी सच्याएर जनताको मन जित्ने काममा



कृष्ण खरेल, महासचिव, प्रचार-प्रसार मामिला

सरकार नलागेर २५ वर्षको स्वर्णिम इतिहासलाई नगण्य ठान्ने नैतिकता पराजित मानसिकता हो। नीति, सिद्धान्त ,कार्यक्रम र योजना केही नरहेपछि सरकार र एसकेएम पार्टी अहिले दिशाहीन भएको छ। यसैले पार्टी पदाधिकारी र समर्थकहरू धताएर आफ्नो असफलता लुकाउन पुरानो सरकारको आलोचना गरेर जनताको दया बटुल्नु यस पार्टीले आफ्नो एकसूत्रीय कार्यक्रम बनाएको छ। कुन पार्टी ठीक रहेछ भन्ने कुरा सिक्किमे जनताले २०१९ -को चुनाउ परिणामपछि बुझ्नथालिसकेका छन्।

सत्तारूढ राजनीतिक पार्टीको काम भनेको जनताको पक्षमा राम्रो काम गर्दै जानु हो। यो समय प्रतिपक्षलाई आलोचना गरेर होइन, जनतालाई गुणात्मक प्रतिफल दिएर उनीहरूको विस्वासिलो बन्ने समय हो। त्यसैले हामी जिम्मेवार प्रतिपक्षको हिसाबमा सरकार र एसकेएम पार्टीलाई जन-उत्तरदायी बन्न सुझाउ दिनचाहन्छौं साथै अप्रमाणित, झुटा, फरेबी, षडयन्त्रमूलक, व्यक्तिगत आक्षेप, दादागिरी, अराजकता र उदण्डता गरेर संसदीय मर्यादा अनि जनाधारको खिल्ली नउडाउने चेताउनी दिदँछौं।

## ‘सरकार आफै लकडाउनमा’

**गान्तोक।** कोरोना रोकथाम गर्न एसकेएम सरकार पूर्ण रूपले विफल बनेको सत्यतालाई एसडीएफ पार्टीका मुख्य प्रवक्ता एम के सुब्बाले तथ्यसहित प्रकाश पारेका छन्। गत १२ जूलाईको दिन इन्दिरा बाइपासस्थित पार्टी मुख्यालयको पत्रकार सम्मेलन कक्षबाट पत्रकारहरूलाई सम्बोधन गर्ने क्रममा सुब्बाले राज्य सरकार आफ्नो कर्तव्य पालनबाट पलायन बनेकोले कोरोना रोकथाम र आर्थिक पुनुरुत्थान दुवै क्षेत्रमा सिक्किमको स्थिति डामडोल रहेको बताए। कोभिड नियन्त्रण कार्यमा सरकार केवल आदेश जारी गर्न मात्र सीमित रहेको र अहिलेसम्म पनि तक्निकी तथा मेडिकल रिपोर्ट जारी गर्न नसकेका सुब्बा बताए। उनले भने, कोभिड नियन्त्रण गर्न नसकेपछि सरकार आफै लकडाउनमा बसेको छ। उनले कोरोनाको कारण ज्यान गुमाउनेहरूका परिवारहरूलाई सरकारले चार-चार लाख रुपियाँको अनुग्रह राशि दिनुपर्छ। कोरोनाबाट ज्यान गुमाएका परिवारका एक सदस्यलाई सरकारी नोकरी दिनुपर्छ। कोरोनाको कारणले अभिभावक गुमाउन परेका अनाथ नानीहरूलाई सरकारले छात्रवृत्ति प्रदान गरेर उनीहरूको पढाइ अघि बढाउनुपर्छ अनि कोभिडबाट ज्यान गुमाएका फ्रण्टलाइन वारियर्सका लागि एक करोड रूपियाँको अनुग्रह राशि र परिवारको सदस्यलाई सरकारी नोकरी दिनुपर्छ भनी सरकारसमक्ष माग राखे।

## एसडीएफ भवनमा भानुजयन्ती पालन

**गान्तोक।** १३ जूलाईको दिन इन्दिरा बाइपासस्थित पार्टी मुख्यालयमा एसडीएफ पार्टीले २०७औं भानु जयन्ती पालन गर्‍यो। कोभिड प्रोटोकोललाई पालन गर्दै एसडीएफ पार्टीको सासंस्कृतिक प्रकोष्टद्वारा आयोजित भानु जयन्ती समारोहमा पार्टीका वरिष्ठ उपाध्यक्ष तथा पूर्व विधानसभा अध्यक्ष के टी ग्याल्छेन मुख्य अतिथिका रूपमा उपस्थित थिए भने कार्यक्रममा पूर्व विधानसभा अध्यक्ष के एन राई, पूर्व लोकसभा सांसद पी डी राई लगायत पार्टीका पदाधिकारीहरूले विशेष उपस्थिति थियो। यस अवसरमा जे बी दर्नाल, दिव्य शर्मा र झरना खरेलले कविता पाठ गरेका थिए। यस अवसरमा के टी ग्याल्छेनले एसडीएफ कार्यकालमा नेपाली भाषा-साहित्यको विकासमा धेरै काम भएको पनि जानकारी दिँदै यसवर्षको भानु पुरष्कारद्वारा सम्मानित बन्न लागेकी पूर्व लोकसभा सांसद श्रीमती दिलकुमारी भण्डारीलाई एसडीएफ परिवारको पक्षबाट हार्दिक बधाई दिए।

## कोरोना महामारीलाई लिएर केवल...

*पृष्ठ १-बाट क्रमश:*

कोभिड लिएर कसरी राजनीति गरिँदैछ, त्यो म बताउनचाहन्छु।

१. डा. मिचुङ भोटियालाई सिक्किमका गाउँहरूमा निःशुल्क स्वास्थ्य सेवा दिनुबाट रोक्नु राजनीति हो।

२. राज्य बजेटबाट तत्कालै निर्दिष्ट धनराशि कोविड कोषमा खर्च गरिनुपर्छ भनेर सरकारलाई सुझाउ दिएकै कारण लकडाउनको समय भाइचुङ भोटियाको पुत्ला जलाउनेहरूप्रति सरकार आँखा चिम्लिएर बस्नु राजनीति हो।

३. विद्यार्थीहरूको मुद्दालाई सार्वजनिक मञ्चहरूबाट उठाएकै कारण अरूण लिम्बूको घरमै एसकेएम पार्टीका कार्यकर्ता र गुण्डाहरू पठाएर कुटपीट गराउनु राजनीति हो।

४. कोविडको दोस्रो लहर फैलिरहेको बेला आफ्ना समर्थकहरूलाई लिएर डाण्डी मार्च गर्ने, र फर्की आएर पब्लिसिटीको लागि मिटिङपछि मिटिङ गर्ने, भीड जमाउने अनि संक्रमणलाई फैलाउने काम कोविडलाई लिएर गरिएको झनै डरलाग्दो राजनीति हो। यसैकारणले र यस्तै कारणले सिक्किममा कोविड फैलिएको हो।

५. तर पनि विपक्षी तथा सम्बन्धीत नागरिकहरूले दिएका असल सुझाउहरूलाई अनसुना गर्नु पेण्डामिकमाथि गरिएको नाङ्गो राजनीति हो।

६. जनतालाई गाली गर्नु र कोविड संक्रमणको दर बढेको दोष जनतालाई दिनु राजनीति हो। सरकार आफ्नो कमजोरीलाई लुकाउन दोष जति जनताको टाउकोमा सारेर चोखो हुन खोज्दैछ।

७. कोविड निद्रेशिकाको नाममा जनतालाई धम्की दिनु र आफूहरू भने सामान्य जीवनमा रमाउँदै आम जनतालाई कठिनाइँमा बाँच्न लगाउनु राजनीति हो।

एसकेएम सरकार र उसका गुण्डाहरूले फैलाएको धम्कीको डर र आतङ्कमा सिक्किमे जनता तर धेरै लामो समय बस्नेछैनन्। अनि यो सरकारले सिक्किमेली जनतामाथि गरेको बर्बरता र निर्दयतालाई इतिहास र भावी सिक्किमे समाजले कदापि माफी गर्ने छैन।

## सिक्किमले सुनाम गुमायो

**गान्तोक।** एसडीएफ पार्टीका प्रवक्ता जे बी दर्नालले एसकेएम सरकारको दुइ वर्षको कार्यकालमा सिक्किमले सुनाम गुमाएको गम्भीर आरोप लगाएका छन्। गत १८ जूलाईका दिन लाइभ भिडियो जारी गर्दै दर्नालले भने, सिक्किम जस्तो सानो राज्यमा कोरोना सङ्क्रमण र मृत्युको आँकडा यति धेरै हुनु भनेको सिक्किम सरकारको कोरोना व्यवस्थापनको चरम विफलता हो।

उनले भने, राज्यमा अहिले जङ्गल राज कायम भएको छ अनि यस जङ्गलराजमा राजनीतिक आतङ्कवाद बढिरहेको छ।

सिक्किम परिवर्तन
सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र
वर्ष २५, अङ्क १, जुलाई, २०२१, JULY, 2021

## कोरोना व्यवस्थापनमा सिक्किम सरकार विफल

कोरोना महामारीबाट सिक्किम बाँच्न नसकिरहेको अवस्थामा फेरि कोरोना भाइरसको डेल्टा भेरिएन्ट राज्यमा फैलिएको पुष्टिले अहिले राज्यवासी आफूलाई पूर्णरूपमा असुरक्षित अनुभव गरिरहेका छन्। कोरोना व्यवस्थापनमा सिक्किम सरकार पूर्णरूपमा विफल बनेको एकै साथ देखापरेका ९७ वटा डेल्टा भेरिएन्टको मामिलाले पुष्टि गरिसकेको छ।

विगत वर्षको मार्च महिनादेखि सिक्किमले पटक पटक लकडाउनको आपत झेल्दै आए तापनि राज्य सरकार कोरोना रोकथाममा पूर्वतः विफल बनेको स्पष्ट छ।

राज्यको स्वास्थ्य क्षेत्रमा हामीले २५ वर्षमा नभएको काम गरेर देखायौं भन्ने वर्तमान सिक्किम सरकार किन कोरोना व्यवस्थापनमा असफल भयो भन्ने विषयमा अब जनताले सोच्नुपर्ने समय आएको छ। सिक्किम जस्तो सानो राज्यमा शुरुमा कोरोना नभित्रिँदा अन्तर्राष्ट्रिय स्तरमा सिक्किम अध्ययन केन्द्र बनेको धाँक लगाउनेहरूले आज एकैसाथ डेल्टा स्वरूपको कोरोना कसरी आयो त्यसको अध्ययन केन्द्र सिक्किमलाई बनाउँदैछन्।

आज संसारमै सिक्किमको स्थिति कोरोनाका कारण अत्यन्त भयाभय बनेको छ। आममानिस मर्दैछन्। राज्यका स्वास्थ्य मन्त्री नै चिकित्सक भएको राज्यमा कोरोना बेलगाम मान्छेको ज्यान लिँदै घुमिरहेको छ। कोरोनाको ताण्डव नृत्यमा सर्वसाधारण सिक्किमे जनताले जुन सास्ती पाएका छन् त्यसको मूल कारण राज्यको कमजोर सरकार नै हो। सरकारका मुख्यमन्त्रीदेखि लिएर मन्त्री, विधायक एवम् पार्टीका कार्यकर्ताले यस अवधिमा कति सार्वजनिक कार्यक्रमहरू आयोजन गरेर जनताको ज्यान जोखिममा हाले, त्यसको हिसाब अब राज्यवासीले खोज्ने समय आएको छ।

कोरोना जस्तो महामारी केवल सरकारले मात्र रोकेर रोकिन्न यसका लागि सरकारलाई सबैपक्षको सहयोग चाहिन्छ। यही सोचेर राज्यको प्रमुख विपक्षी दल भएको नातामा एसडीएफले सरकारलाई कोरोना रोकथाममा सहयोग गर्न विभिन्न सुझाउ दिँदै आएको सर्वविदित छ। यसका साथै एसडीएफ पार्टीले राज्यवासीलाई सहयोग गर्न राहत वितरण गर्ने अनि चिकित्सकीय सहयोग गर्ने जस्ता महत् कार्यक्रम अघि सारेको छ। स्वयम् पार्टी अध्यक्ष एवम् पूर्व मुख्यमन्त्री पवन चामलिङले पनि पटक पटक सरकारलाई कोरोना रोकथामका लागि महत्वपूर्ण सुझाउ दिएका हुन्। तर सरकारले विपक्षको सुझाउ र सहयोगलाई राजनीतिक दृष्टिकोणले हेरेर कानमा तेल लगाएर बस्नु नै राज्यमा कोरना अनियन्त्रित हुनु हो।

अहिलेको समय भनेको मानव समाजको रक्षा गर्नु नै सरकारको धर्म र प्राथमिकता हुनुपर्ने समय हो। तर कोरोना महामारीका नाममा सिक्किम सरकारले के गरिरहेको छ, त्यो राज्यवासीले पक्कै मूल्याङ्कन गर्नेछन्। आज सिक्किम र सिक्किमे जनताको जुन अवस्था भएको छ, त्यसको जिम्मेवारी राज्य सरकारले लिनु नै पर्नेछ।

निवेदनः सिक्किम परिवर्तनमा लेख–रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगानाः sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9832793623 मा वाट्एप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो– सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# राजिनामा काण्ड

## सत्ताको एजेण्डामा भएको कायरतापूर्ण अन्तर्घात

२२ जूनको दिन प्रतिवर्ष सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) –ले क्रान्ति दिवस पालन गर्दछ। सन् १९९३ –को यसै दिन सिक्किमेली जनताले युगौंदेखिको शोषण, दमन, अत्याचारको विरोधमा क्रान्तिकारी सङ्घर्ष थालेका थिए। गत वर्षझैं यस वर्ष पनि एसडीएफ पार्टीले लकडाउनको नियम पालन गर्दै भर्चुअल रूपमा क्रान्ति दिवस पालन गऱ्यो। एसडीएफ भर्चुअल कार्यक्रमको तयारीमा थियो, तर केही तत्त्व यसैदिन एसडीएफलाई झट्का दिन, यसका केही निष्क्रिय, भ्रमित, भीरू कार्यकर्ताहरूलाई राजिनामा दिलाउने पछाडि एउटा ठूलो राजनीति सक्रिय छ र यो फगत स्वतः स्फूर्त घटना पटक्कै होइन भन्ने स्पष्ट हुन्छ। यी सबैले एउटै दिन अर्थात २२ जून रोजे। सबैले सोसियल मीडिया नेटवर्क फेसबुकमा बिहान आफ्नो राजिनामा लोड गरे, दुइजनाले पार्टीका (एसडीएफ) पदाधिकारीलाई वाट्सएपमा राजिनामा पत्रको फोटो पठाए, कसैले पनि पार्टीको ईमेलमा राजिनामा पठाउने सामान्य नैतिकतासम्म निर्वाह गरेनन्। फेसबुकमा अपलोड गरेपछि सबै अन्तर्ध्यान भए। राजिनामाको अन्तर्वस्तु हेर्दा कसैले पनि पार्टी त्याग्नुका राजनैतिक कारण बताएनन्, अधिकांश मीडिया हाउसहरूलाई अगावै एउटा शिविरबाट यस्तो राजिनामा आउने खबर चुहाइएको थियो।

२२ जूनको दिनलाई चुन्नु उनीहरूको बदनियतको परिचायक हो। राजनीतिमा मानिसहरू पार्टी परिवर्तन गर्दछन्, पार्टीमा प्रवेश र बहिर्गमन स्वाभाविक र नियमित परिघटना हो, तर दृश्यमा नआई एउटा गुटले पार्टीभित्रबाट मानिसहरूलाई राजिनामा गर्न लगाइरहेछ अनि राजिनामा दिनेहरूले पनि राजनैतिक कारण नदेखाई निजी कारणहरूलाई अघि सारेर राजिनामा गरिरहेका छन् – त्यो पनि सामाजिक



सकुन गुरूङ
महासचिव, चेली मोर्चा

**“यो सम्पूर्ण २ वर्षको समयमा यी तत्त्वहरू केवल पार्टी तोड्ने, पार्टीलाई कमजोर बनाउने, अन्तर्घात गर्ने काममा संलिप्त रहेका छन्। यिनीहरू त विगत दुइ वर्षदेखि एसडीएफ पार्टी र जनतासित मन र शरीरले नै थिएनन् भने अहिले शिर निहुराएर राजिनामा दिनुको कुनै अर्थ छैन। यो कुनै बहादुरी होइन, एसडीएफप्रति कुनै विरक्ति भाव होइन तर एसडीएफप्रति जानाजान शत्रुतापूर्ण व्यवहार हो। कुन स्वार्थको कारण यिनीहरू चुप थिए? सरकारको गलत काम-कुराको विरोधमा यिनीहरूको आवाज किन निस्कँदैन? किनभने यिनीहरू सरकारको मतियार बनिसकेका छन्। सत्ताको एजेण्डामा एसडीएफलाई भित्रै बसेर मास्ने मिशनमा लागिपरेका छन्।”**

सञ्जालको माध्यमबाट।

२२ जूनको बिहानैदेखि अलग अलग क्षेत्रका ६–७ जना विगत २ वर्षदेखि निष्क्रिय रहेका कार्यकर्ताहरूले नाटकीय ढङ्गमा सोसियल मीडियामा राजिनामाको पोस्ट हाल्छन् र मोबाइल बन्द गरेर सम्पर्कबिहीन बन्छन्, केही मीडियाहरूले उनीहरूसित सम्पर्क गर्नखोज्दा सम्पर्क हुनसक्दैन। यहाँ थुप्रै संयोगहरू एकैसाथ घटेकाले यो ‘राजिनामा काण्ड’ –को तयारीमा थिए।

सबैले व्यक्तिगत, पारिवारिक र स्वास्थ्यगत कारण देखाएर पार्टीबाट आफूलाई अलग गरे। यसको अर्थ हुन्छ – उनीहरूको एसडीएफ पार्टीसित वैचारिक मतभेद, द्वन्द्व हुनसक्दैनथ्यो। तर योजनाबद्ध तरीकाले बेग्लाबेग्लै ठाउँमा बसेर एकसाथ, एउटै प्रकारले राजिनामा गर्नुले बताउँछ – यो राजिनामा एउटा ग्राण्ड डिजाइनअन्तर्गत गराइएको हो। अझ मीडिया सर्कलमा चलेको चर्चामाथि विश्वास गर्ने हो भने

वास्तवमा यो ‘व्यक्तिगत कारण’ नै हो आत्मशक्ति नभएका मान्छेहरूको। आश्चर्यको कुरा त के भने एसडीएफजस्तो सैद्धान्तिक पार्टीमा कसरी यस्ता निम्छरा, विचारहीन, आत्मशक्तिहीन, कमजोर, पलायनवादी मानिसहरू बसिरहेका रहेछन्! अझ व्यक्तिगत कारण नै खोतल्नु हो भने त हामीलाई यी राजिनामा दिनेहरू अधिकांशको रहल पृष्ठ ४–मा

# एक दृष्टिकोणः सिक्किममा पञ्चायतीराज व्यवस्था अनि पवन चामलिङ

भारतवर्ष एउटा विशाल देश हो। भारतका हरेक शहर तथा दुर्गम बस्तीमा पनि जनता सजग बनुन्, विकास होस् भन्ने सोचको विकास त्यसताकका अङ्ग्रेज साम्राज्यमा पनि हुने गरेको थियो। त्यस समय लर्ड रिपोन नाम गरेका व्यक्तिले गाउँस्तरमा पञ्चायती शासन हुनु पर्छ भन्ने विचार अघि सारेपछि मात्र तृणमूलस्तरको सुरक्षा र विकासका लागि पञ्चायतीराज व्यवस्थाको परिकल्पनाको सुत्रपात भएको पाइन्छ।

भारत देश अङ्ग्रेज शासनबाट सन् १९४७–मा स्वतन्त्र भएपछि यसै परिकल्पनालाई साकार रूप दिँदै देशका प्रथम प्रधानमन्त्री जवहारलाल नेहरूले २ अक्टोबर १९५९ मा राजस्थानदेखि यसलाई मिशनको रूपमा शुभारम्भ गरेका थिए। यसलाई कसरी सुदृढीकरण गर्न सकिन्छ भनेर त्यसताकको सरकारले थुप्रै समिति र आयोगहरू गठन गऱ्यो। फलस्वरूप सन् १९९३ सालमा संविधानको ७३ औं संसोधनद्वारा पञ्चायतीराज व्यवस्थालाई देशको संविधानभित्र स्थान दिइयो। तत्पश्चात भने पञ्चायतीराज व्यवस्था ले देशमा संवैधानिक स्वरूप प्राप्त गऱ्यो।

सिक्किम देशको कान्छो र सानो राज्य हो। राज्य भए पश्चात तीन/चारजना महान् व्यक्तित्वहरूले राज्यको बागडोर सम्हालेका थिए तरपनि पञ्चायती राज व्यवस्थाले गन्तव्य तय गर्न सकेको थिएन। सन् १९९४ श्री पवन चामलिङको नेतृत्वमा सरकार बनियो तब भने पञ्चायतीराजमाथि व्यापक चर्चा हुन थाल्यो। फलस्वरूप एसडीएफ



तोब्दा भोटिया

सरकारको दोस्रो कार्यकालदेखि पञ्चायतीराज व्यवस्थालाई पूर्ण रूपमा शासन हस्तान्तरण र शासन विकेन्द्रीकरण गरियो।कुनै हस्तक्षेप बिना जनताको सुरक्षा र गाउँ विकासको निम्ति पञ्चायतीराज संस्थानले काम गर्न थाले।


संविधानको धारा २४३(जी)को अनुच्छेद एघारमा दिइएका जम्मै उन्तीसवटा विभागमा काम गर्न एसडीएफ सरकारले स्वतन्त्रता प्रदान गऱ्यो। शायदै यसप्रकार शासन विकेन्द्रीकरण र शासन हस्तान्तरणको विधिलाई स्पष्ट र स्वतन्त्र रूपमा पञ्चायतलाई सुम्पिने श्री पवन चामलिङ देशकै प्रथम मुख्यमन्त्री हुन्।

पञ्चायतलाई सम्मान भत्ता मासिक रुपमा चार सयदेखि दश हजारसम्म प्रदान गर्ने अनि पञ्चायतलाई स्तरअनुसारको वर्षेनी विवेकानुदान (उ्ळीलीशींळेपरीू षींपव) को व्यवस्था गर्ने पनि देशमा नै प्रथम मुख्यमन्त्री उनै हुन्। देशको विधान एउटै भएपनि देशको कतिपय प्रान्तमा महिलाहरू पुरुष सरह जनप्रतिनिधि हुन पाउँदैनन् थिए। जस्तै मेघालय राज्यको मौलिंगलंग भन्ने प्रान्तमा आजसम्म त्यहाँका महिलाहरू जनप्रतिनिधि बन्नबाट बञ्चित छन्। तर, हाम्रो राज्यमा महिलालाई पुरुषसरह बराबर हक दिएर जनप्रतिनिधि बनाइएको छ। भारत देशमा यो कीर्तिमान नै हो। जनताको हरेक काम सहज रुपमा होस् भनी राज्यका हरेक खण्ड खण्डमा बीडीओ कार्यालयको स्थापना गर्ने मुख्यमन्त्री श्री पवन चामलिङ नै हुन्।

राज्यको शिक्षित एवम् कर्मशील महानुभावहरूलाई बीडीओ बनाएर जनतालाई चाहिएका सबै प्रमाण पत्रहरू तयार गर्ने अधिकार र क्षमता प्रदान गरिएको छ।

गाउँमा प्राथमिकस्तर देखि नै शिक्षामा गुणस्तर आवोस् भनेर ग्रामीणस्तरको शिक्षालाई पनि रहल पृष्ठ ४–मा पृष्ठ

## फेरी राम जन्मिनुपर्छ



दिव्य शर्मा पाण्डाम

**रामायणको राम पुरानो भएपछि**
**राम राज्यको परिकल्पना सुन्यतामै हरायो!**
**राम धेरै पुरानो भएपछि रामकै देशमा**
**रावणहरू ताण्डव मचाउँदै छन् ।**
**शान्ति कैद छ बन्द कोठाभित्र**
**न्याय कहि त छ? रावणको मस्तिष्कभित्र**
**नारी लाचार छन् शोषित छन्**
**बलात्कारी रावणहरूको वासनाभित्र**
**मेरो देश त्रेता युगको**
**राम फेरि जन्माइदेऊ**
**राम राज्यको परिकल्पना मात्र होइन**
**यथार्थमा राम राज्य बनाउने**
**राम फेरी जन्माइदेऊ।**

## हे भानु



जे बी दर्नाल

हे भानु
तिम्रो अपमान हुँदा
घाम-पानीमा, घाटमा
रामायण बोकेर उभिदा
तिम्रो सालिग तोड्दा
नदेखेजस्तो गर्ने
तिम्रो जन्म दिनमा
दौरा सुरुवाल लगाउन हुरुक्कै बन्ने
नेताकोमा तिमी कहिल्यै नजानु।
स्टेजबाट तिम्रो निम्ति सबैसँग लड्छ
अरू केही सकिन भने पनि
तिमाले लेखेको रामायण
पढ्छु भन्ने
भाषा-साहित्यको सेवाभन्दा
नेता र जनताको अघि
तिम्रो जन्म जयन्तीको दिन
दौरा सुरुवाल लगाए
नमानी-नमानी रामायण पढ्न
सघाएर नाटक गर्ने
तिम्रो सिँडी बनाएर
आफ्नो स्वार्थको सिँडी तर्ने
सबै स्वार्थीसँग तिमी होसियार रहनु।
हे भानु हामी कहाँ जानु
हामी के गर्नु कि यत्तिकै मर्नु
यहाँ त तिमी पनि सुरक्षित छैनौं त।

## एक दृष्टिकोण: सिक्किममा...

३-बाट क्रमश:

पञ्चायतराज संस्थान अन्तर्गत राखियो। शिक्षकहरूको वेतन पनि पञ्चायतीराज प्रणालीअन्तर्गत प्रदान गर्न आरम्भ भयो। पञ्चायतीराज संस्थानलाई बलियो बनाउन राज्यमा आफ्नै निर्देशालयको स्थापना पनि गरियो। संविधानको धारा २४३- लाई मध्यनजर राखेर देशमा नै उत्कृष्ट र मोडल ग्रामसभा गरिनु पर्छ भनी नयाँ परिकल्पना तयार गरियो। ग्रामसभामा ग्रामीण जनताहरूले आफ्नो गाउँको विकास र समृद्धिका लागि प्रस्तावहरू ल्याउन सकुन् र आफ्नो गाउँको विकासमा योगदान दिन सकुन् भन्ने उद्देश्यमा ग्रामसभाहरूको आयोजन गर्नुपर्ने व्यवस्था गरियो। सायद यसैलाई भनिन्छ, जनता राजमा जनतै राजा।

पञ्चायतस्तरमा दुई करोडसम्मको ठेक्काको कामको टेन्डर गर्ने, ग्रामीण क्षेत्रको व्यापार लाइसेन्स इत्यादि हक अधिकार पनि श्री पवन चामलिङको सरकारले दिन शुरु गरेको हो।

श्री पवन चामलिङ एकजना प्रजातन्त्रवादी नेता हुन्। यस्ता जनमुखी कार्यहरू सिद्धान्त र राजनीतिक इच्छाशक्तिले गरिने हुन्, यी गुणहरू उनीसँग भएकै कारण सिक्किमलाई पञ्चायतीराज संस्थानलाई बलियो बनाउन उनले प्रयास गरे। त्यसैले त पञ्चायतीराज व्यवस्थामा सिक्किम देशकै दोस्रो स्थानमा पुग्न सफल भएको थियो।

अब यसको समीक्षात्मक मूल्याङ्कन गर्ने जिम्मेवारी प्रत्येक पञ्चायत र आमनागरिक को हो। पञ्चायतको विषयमा केही गरिहाल्छु भनेर लेख्ने अनि राजनीति गर्ने थुप्रै आए अनि अझै आउन सक्छन् तर यथार्थ के हो र के हुनु पर्दछ, यसमाथि चिन्तन गर्ने समय आएको छ। पञ्चायतबाट शिक्षकको मासिक वेतनको प्रावधान खोसिन्दा, ग्रामसभामा सभापतिको बदला बीडीओले सूची तयार गर्दैछन् भन्दा कसैले चुइँसम्म बोलेनन्, अदालतसम्म जान सकेनन्, तर अहिले गोहीको आँशुको कथा जस्तै कता कता आँशु छचलकिँदा त्यसतर्फ ध्यान आकर्षित नभएर एकपल्ट अतितलाई नियाल्न जरूरी छ।

## राजिनामा काण्ड..

पृष्ठ ३-बाट क्रमश:

'व्यक्तिगत कारण' पनि सबै थाहा छ। तर समग्रतामा हेर्दा, पार्टीभित्र बसेर पार्टीलाई नै कमजोर पार्ने, अन्तर्घात गर्ने षड्यन्त्रको सिद्धान्त बोकेर काम गर्नेहरू राजनैतिक बहादुर कदापि होइनन्, गद्दार हुन्, सत्ताका एजेण्ट हुन्। पार्टीको सदस्यता लिएर बसेको कुनै राजनैतिककर्मीले यस्तो काम गर्दैन। यस्ता तत्त्वहरू विगतमा सत्ताको कारणले नै पार्टीमा थिए, पार्टी सत्ताबाट बाहिरिएपछि यिनीहरू नाटकबाजी छोडेर आज आफ्नो असली अनुहारमा अघि आएका मात्र हुन्। एसडीएफलाई बाहिरबाट आक्रमण गर्नेहरू, पार्टीविरुद्ध जे-जस्तै भए पनि राजनैतिक आरोप लगाएर निस्कनेहरू एक प्रकारले साहसी नै हुन् भन्ने मान्नुपर्छ, तर पार्टीभित्र बसेर पार्टीलाई नै धमिराले खाएजस्तै खानेहरू वास्तवमा कायर र षड्यन्त्रकारीहरू हुन्। विगत चुनाउमा पार्टी यस्तै तत्त्वहरूको कारण हार्नुपरेको थियो। हाम्रा पार्टी अध्यक्ष बारम्बार भन्ने गर्नुहुन्छ - हामीलाई चुनाउमा शत्रुले हराएको होइन, पार्टीभित्रै लुकेर बसेका शत्रुहरूले हराएका हुन्। उहाँको साँचो भनाइ यसचोटि पनि प्रमाणित भयो। यी तत्त्वहरूको चरित्र हेरौं - विगत विधानसभा चुनाउमा पार्टीले पराजय बेहोरेपछि यी तत्त्वहरू निष्क्रिय बनेर गए। पार्टी क्याडर, पार्टी कार्यालयहरूमाथि सत्तारूढ एसकेएमका कार्यकर्ताहरूले तोडफोड, ढुङ्गामूढा, आगजनी गरे; विधानसभा उप-चुनाउमा स्वयं पार्टी अध्यक्षको वाहनमा ढुङ्गा हानियो, पार्टी कार्यकर्ताहरूलाई घाइते बनाइयो; पार्टी अध्यक्षमाथि विधानसभा भवनमा दुर्व्यवहार गरियो, पार्टीविरुद्ध अनर्गल प्रचार गरिँदैछ, पार्टी प्रवक्तामाथि दिउँसै ज्यानलेवा आक्रमण भयो - यी जम्मै घटनाहरूमा पनि यी तत्त्वहरूले निर्लज्ज मौनता धारण गरे। पार्टीको विचार, सङ्गठन र कार्यकर्ताहरूको रक्षाका लागि अघि आउनुपर्ने समयमा यिनीहरू मुख लुकाएर, काफरे भएर बसे। यो दुइ वर्षको समयमा वर्तमान सरकारले कतिसम्म जनविरोधी, सिक्किमविरोधी कामहरू गरिसकेको छ, कोरोनाको महामारीका समयमा बिना सोच-विचार र बिना योजनाको लकडाउनको कारण लाखौं आम जनताको जीवन बेहाल बनेको छ। यो सम्पूर्ण २ वर्षको समयमा यी तत्त्वहरू केवल पार्टी तोड्ने, पार्टीलाई कमजोर बनाउने, अन्तर्घात गर्ने काममा संलिप्त रहेका छन्। यिनीहरू त विगत दुइ वर्षदेखि एसडीएफ पार्टी र जनतासित मन र शरीरले नै थिएनन् भने अहिले शिर निहुराएर राजिनामा दिनुको कुनै अर्थ छैन। यो कुनै बहादुरी होइन, एसडीएफप्रति कुनै विरक्ति भाव होइन तर एसडीएफप्रति जानाजान शत्रुतापूर्ण व्यवहार हो। कुन स्वार्थको कारण यिनीहरू चुप थिए? सरकारको गलत काम-कुराको विरोधमा यिनीहरूको आवाज किन निस्कँदैन? किनभने यिनीहरू सरकारको मतियार बनिसकेका छन्। सत्ताको एजेण्डामा एसडीएफलाई भित्रै बसेर मास्ने मिशनमा लागिपरेका छन्।

'राजिनामा काण्ड' -लाई मीडियाको एकांशले बढाईचढाई, मर-मसला थपी पस्किँदै ''एसडीएफ सकिएको'' भन्ने शैलीमा प्रचार गरेको देखियो। हातमा कलम तर मस्तिष्कमा पत्रकारिताको जिम्मावारीबोध नभएपछि पत्रकारहरूले जे भन्दा पनि, लेख्दा पनि हुन्छ तर इतिहासलाई मनको कल्पनाले परिवर्तन गर्नसक्दिँन। एसडीएफ पार्टी जनताको सामुहिक इच्छा र सङ्कल्पको प्रतिफल हो र जबसम्म एसडीएफले जनताको सामुहिक इच्छालाई प्रतिनिधित्व गरिरहन्छ, तबसम्म एसडीएफ सक्दिँन, जनताले नै बचाइराख्ने छन्। त्यसैले मर-मसला लगाएको झालमुरी बेच्ने चानावालजस्तो कतिपय मीडिया हाउसले ''एसडीएफ सकिएको'' हल्ला बेचे पनि एसडीएफले सिक्किमे जनताका चाहना, मुद्दा र लक्ष्यलाई प्रतिनिधित्व गरूञ्जेल उनीहरूले चाना बेचेको बेच्यै गरिरहनुपर्छ, यही उनीहरूको दुर्भाग्यपूर्ण नियति हो। केही मानिसहरूले एसडीएफ छोड्दैमा अब एसडीएफ सकिएकै हो त? 'एसडीएफ सकिएको' भन्ने विचार वास्तवमा आफैमा एसडीएफप्रतिको व्यक्तिगत कुण्ठाको अभिव्यक्ति मात्र हो।

झिँगाको श्रापले डिँगा मर्दैन भनेजस्तो राजनीतिमा दलको उत्थान र पतन कुनै व्यक्तिको चाहना वा श्रापको कारण हुँदैन। इतिहासको एउटा विशेष परिस्थितिमा युगले मागेको भूमिका निर्वाह गर्नका लागि एसडीएफ जन्मिएको हो। युगको आह्वानलाई बुझेर पवन चामलिङले एसडीएफ पार्टी स्थापना गरेर युगको आवाजलाई सम्बोधन गरेका हुन्, पुरानो इतिहासको गर्भबाट बहुतै कठिनतापूर्वक नयाँ सिक्किमको प्रजन्म गराएका हुन्। जनताको चाहना, आकांक्षा, माग र आवश्यकतालाई २५ वर्ष लगातार सत्तामा रही सम्बोधन गरेका हुन्।

सन् २०१९ -मा जनताको अलि ठूलो हिस्सालाई केही बढी विकास चाहियो, उनीहरूलाई लाग्यो होला - विकास र सहुलियत भन्ने कुरा सजिलै आइहाल्ने कुरा हो, सिक्किम सधैंदेखि यस्तो थियो र यस्तै रहिरहनेछ, आदि। एसकेएमले आकाश-पाताल देखायो, जनता त्यो भ्रममा परे। आज जनताले आफू ठगिएको महसुस गरिरहेका छन्। हामीले तर जनताको त्यो जनादेशलाई, विचार र इच्छालाई सम्मान गऱ्यौं। किनभने इतिहासको क्यालेण्डर सन् २०१९ -मा आएर सक्दिँन। जनताको ऐतिहासिक मिशन पूरा नभएसम्म त्यो चक्र घुमिरहन्छ। एसडीएफ आफ्ना ऐतिहासिक र युगान्तकारी कार्य र उपलब्धिहरूका कारण सिक्किमको इतिहासमा अग्लो भएर उभिएको छ। एसडीएफ पार्टी सरकारमा छँदा सिक्किममा डेमोक्रेसी छैन भनेर चर्को विरोध गर्ने नेता भाइचुङ भोटियाले आज आएर इमान्दारितापूर्वक स्वीकार गरेका छन् - वास्तमा सिक्किममा आज डेमोक्रेसी छैन। एकजना इमान्दार नेताले नै सत्यलाई खुलेआम स्वीकार गर्छ, गर्नसक्छ। हाम्रै पार्टीभित्र पनि कतिपयले सोच्नथाले - अब नेता बूढो भयो, अब हामीले पार्टी चलाउन पाउनुपर्छ, नेताले आराम गर्नुपर्छ, पार्टीको अध्यक्ष पद र आर्थिक कोष हामीलाई जिम्मा लगाउनुपर्छ, आदि। सबैले एउटा गौरवपूर्ण इतिहास बोकेको पार्टीको उत्तराधिकारी बन्ने चाहना राख्नु स्वाभाविक कुरा हो। तर यहाँ त नेतालाई जबर्जस्ती बुढेसकालपट्टि घचेटेर नेतृत्व हत्याउने महत्वाकांक्षा सल्बलाएको देखियो। यो त सोझै गोले र एसकेएम प्रवृत्ति भइगयो। प्रजातन्त्र बचाउने, सिक्किममा सिक्किमेको राज बचाउने, जनताको अधिकार बचाउने, जनताको पार्टी एसडीएफ बचाउने, विकास र समृद्धिको धारालाई तीव्रगतिमा अघि बढाउने लक्ष्य छोड़ेर ''पुरानो सरकार फेर्नुपर्छ, नयाँ सरकार ल्याउनुपर्छ, परिवर्तन हुनुपर्छ'' भन्ने जस्तो गोले र एसकेएमको खोक्रो नारा समातेर केही मानिसहरू एसडीएफभित्र गोलेको एजेण्ट पो भएर काम गर्नथाले।

जुन नेताले पार्टीलाई परिवारवादबाट मुक्त राखेर एसडीएफलाई जनताको पार्टीको रूपमा उभ्याए, पार्टीलाई पूर्ण प्रजातान्त्रिक ढाँचामा अनुशासित र विकसित गरेर विचार र व्यवहारको सामञ्जस्य स्थापित गरे, जसले सिक्किमको वैश्विक स्वच्छ छवि बनाए, जसले यो ३० वर्षको पार्टी र सरकारमा हजारौं युवाहरूलाई पार्टीमा, मन्त्रीमा, सरकारमा, प्रशासनमा, नोकरीमा, व्यापार-धन्धामा अघि आउने अवसर प्रदान गरे, जसले सिङ्गो युवा पुस्तालाई सार्थक र कर्मशील जीवन जिउने अवसरको ग्यारेण्टी गरे - तिनै नेतालाई आज केही क्यारियरिस्ट, महत्वाकांक्षी, सिद्धान्तहीन, व्यक्तिवादी र जनताप्रति उदासीन व्यक्तिहरूले निर्लज्जतापूर्वक कृतघ्नता प्रकट गरिरहेका छन्। जनताको पक्षमा निरन्तर सङ्घर्ष जारी राख्ने, पार्टीको सैद्धान्तिक र व्यावहारिक जुझारूपनलाई बचाइराख्ने, एसडीएफ पार्टीलाई युगीन ढङ्गमा प्रासङ्गिक बनाइराख्ने क्रममा पार्टीमा थुप्रै मानिसहरू जोड़िन्छन् अनि केही जान्छन् पनि। क्रान्तिका अविचल धारामा धेरै नयाँ युवा पुस्ताहरू जोडिँदैजान्छन्, पुरानो सोच र यथास्थितिवादी-प्रतिगामी, पदलोलुप विचारकाहरू छुट्दैजान्छन्। जबसम्म सिक्किम र सिक्किमे जनता रहन्छन्, तबसम्म प्रजातन्त्रवाद, सिक्किमवाद, गरीबवादको राजनीति प्रासङ्गिक रहन्छ, एसडीएफको युगीन आवश्यकता र प्रासङ्गिकता रहिरहन्छ। यो सङ्घर्षलाई प्रत्येक नयाँ पुस्ताले अघि बढाउने नै हो। कदाचित् एसडीएफ यो आदर्श र लक्ष्यबाट विचलित बने पनि भावी पुस्ताले अर्कै साङ्गठनिक ढाँचामा भए पनि यो आन्दोलनलाई अघि बढाउने नै छन्। त्यसैले हामी भविष्यप्रति आशावादी छौं। ९ सेप्टेम्बर, १९९२ -को दिन सिक्किम विधानसभामा बलेको प्रजातान्त्रिक चेतनाको उज्यालोले प्रतिक्रियावाद, हरेक प्रकारको अन्याय-अत्याचार, विभेद, शोषण र दमनको पूर्णतया अन्त्य नगरेसम्म यो क्रान्ति नाना रूपमा, पुस्तौं-पुस्तासम्म जारी रहनेछ। वर्तमान सत्तासँगको मिलीभगत र बाहिरी शक्तिहरूको आड़-अड़ेसोमा पार्टीभित्र अन्तर्घात, षड्यन्त्र र पलायनवादी राजनीति गर्ने महत्वाकांक्षीहरू कहिल्यै जुझारू, सङ्घर्षशील र क्रान्तिकारी हुनसक्दैनन्। महत्वाकांक्षीहरूले जहीं पनि, जहिल्यै पनि आफ्नो स्वार्थका लागि सत्ताको अघि घुँडा टेकेकै छन्; देश, राज्य र जनताका हितहरूको बलि चढाएकै छन्। आज शिर निहुराएर एसडीएफको मञ्चबाट पलायन गर्नेहरूले भोलि शिर उच्च पारेर सङ्घर्षको झण्डा उचाल्ने जुझारू युवा पुस्ताका लागि मार्ग प्रशस्त गरेका मात्र हुन्। किनभने 'क्रान्ति कहिल्यै निःसन्तान हुँदैन'।

सिक्किम डेमोक्रेटिक फ्रण्ट, प्रचार प्रसार मामिला विभागद्वारा प्रकाशित एवम् प्रशासित। ठेगाना, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम, ७३७१०२, सम्पादकः कृष्ण खरेल